प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**लुम्बिनी प्रदेश कार्यालय**

बुटवल-१२, नयाँगाँउ, रुपन्देही ।

**डिप्लोमा/प्रमाणपत्र तथा प्रि-डिप्लोमा तहको रिक्त बर्गिकृत (निःशुल्क) छात्रवृत्ती सिटको विवरण सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

**सूचना प्रकाशित मितिः- २०८१।०८।०५**

लुम्बिनी प्रदेश अन्तर्गत संचालित आंगिक, साझेदारी, टेक्स र निजि स्तरमा डिप्लोमा/प्रमाणपत्र तथा प्रि-डिप्लोमा तहका कार्यक्रम संचालन गरिरहेका र शै.सत्र. २०८१/०८२ मा यस कार्यालयबाट बर्गिकृत (निःशुल्क) छात्रवृत्तीमा अध्ययनको लागि मिति २०८१/०४/१२ गते संचालित प्रवेश परीक्षामा सफल भई मुख्य उम्मेदवारका रुपमा र प्रदेश कार्यालयबाट विभिन्न मितिमा सिफारिस भएका बैकल्पिक उम्मेदवारहरु भर्ना हुन नआई रिक्त रहेको सिट संख्याको विवरण पठाउनुहुन विभिन्न मितिमा र अन्तिम पटक २०८१/०६/२१ गते सूचना जारी भइ मिति २०८१/०६/३० गते निवेदन मागको सूचना प्रकाशित गरी २०८१/०७/३० गते सम्वन्धित शिक्षण संस्थामा विद्यार्थी सफारिस गरिएको सन्दर्भमा केही संस्थाहरुले बर्गिकृत((निःशुल्क) छात्रवृत्तिको डिप्लोमा तहको रिक्त कोटाको विवरण प्रदेश कार्यालयमा हाल सम्म पनि नपठाई कोटा लुकाएको भन्ने गुनासो प्राप्त हुन आएकाले सो सम्वन्धमा वर्गीकृत (निःशुल्क) छात्रवृत्तीको रिक्त कोटाको यथार्थ विवरण मिति २०८१/०८/०७ गते दिनको ४:०० बजे सम्म पठाउनुहुन अनुरोध छ।साथै छात्रवृत्ति ब्यवस्थापनमा असहयोग गर्ने वा नियम विपरित कार्य गर्ने संस्थाहरुलाई " **डिप्लोमा/प्रमाणपत्र तथा प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ती वितरण तथा भर्ना सम्बन्धि निर्देशिका २०८१** " , (दोस्रो संशोधन) , बुँदा नं. २६ (छ) र (ज) बमोजिम हुने व्यहोरा समेत अनुरोध छ ।रिक्त कोटाको विवरण यस प्रदेश कार्यालयको इमेल ठेगाना exam.ctevtp5@gmail.com मा पठाउनुहुन जानकारी गराईन्छ।

**नि. निर्देशक**